# शिक्षा लेख सँगालो

*(आम सञ्चार माध्यमहरूको प्रयोजनका लागि मात्र)*

वर्ष २, अङ्क १८, २०६१ मंसिर (November 2004)

## यस अङ्कमा


| | | | |
|---|---|---|---|
| १) | माओवादी धम्कीले बढे विद्यार्थी | रेवती सापकोटा | पृष्ठ २ |
| २) | शिक्षक थोरै, विद्यार्थी धेरै | शरद अधिकारी | पृष्ठ ३ |
| ३) | सरकारी विद्यालयप्रति बढ्दो विकर्षण | कृष्ण भट्टराई | पृष्ठ ४ |
| ४) | धरापमा पर्दैछ बालमन्दिरको भविष्य | दुर्गालाल केसी | पृष्ठ ५ |


शिक्षालाई अरू क्षेत्रभन्दा कम महत्व दिन नहुने निष्कर्षमा पुगेका छन् समाचारपत्रहरू। यद्यपि शिक्षामा स्तरीय फिचर लेखहरूको अभाव खट्किएकै छ। *शिक्षा पत्रकार समूह* ले यही अभावलाई महसूस गरेर पत्रपत्रिका र अन्य सञ्चार माध्यमलाई निरन्तर रूपमा शिक्षाका विभिन्न मुद्दा समेटिएका फिचर लेखहरूको सँगालो उपलब्ध गराउने अभियान थालेको हो। विभिन्न सञ्चार माध्यममा सक्रिय भएर शिक्षामा चासो राख्ने र स्वतन्त्र रूपमा सक्रिय पत्रकारहरूमार्फत् सकेसम्म स्तरीय लेख सामग्री जुटाइनेछ। हामीले उपलब्ध गराएको सामग्रीलाई आफ्नो पत्रपत्रिकामा स्थान दिनुभयो भने हामी आफ्नो प्रयास सार्थक भएको ठान्नेछौं। यस सँगालोका सामग्री छापिएपछि अन्तमा शिक्षा पत्रकार समूहलाई पनि जस दिनुहुनेछ भन्ने हाम्रो विश्वास छ। प्रकाशित सामग्रीको एकप्रति यस समूहलाई उपलब्ध गराइदिनुभएमा हामीबीचको व्यवसायिक सम्बन्धले अझ झाँगिने मौका पाउनेछ। स्तरीय फिचर सेवा उपलब्ध गराउने हाम्रो प्रयास निरन्तर रहनेछ। यो फिचर सेवा ***एक्सनएड नेपाल***को आर्थिक सहयोगमा तयार भएको हो।

***शिक्षा लेख सगालो इमेलमा पनि उपलब्ध छ*** *ejgfeature@yahoo.com (Password — education)*


**सम्पादन : राजाराम गौतम**

**पत्राचारका लागि हाम्रो ठेगाना**

**शिक्षा पत्रकार समूह**

**पो.व.नं. २१८४३, फोन: ४२५७६५५**

**फ्याक्स: ४२१८६८६, अनामनगर, काठमाडौं।**

**इमेल :** ejg@ntc.net.np, or letter@ejgroup.org

**वेवसाइट :** www.ejgroup.org

# माओवादी धम्कीले बढे विद्यार्थी

● रेवती सापकोटा

१२ वर्षीया पासाङ याङ्जी र १० वर्षीय लाक्चुङ दिदीभाइ भएपनि एउटै कक्षाका विद्यार्थी हुन् । उनीहरुको आठ वर्षीय भाइ टासी शेर्पा भर्खर एक कक्षामा पढ्छ । तर, यी तीन दिदीभाइ कुनै दिन पनि सँगै स्कुल जान पाउँदैनन् । कारण, तीनमध्ये दुईको सधैं घरमा काम परिरहन्छ ।

संखुवासभाको मकालु गाविसस्थित नोर्वु गाउँको महादेव प्राथमिक विद्यालयका टासी, पासाङ र लाक्चुङ पालैपालो गरेर स्कुल जान्छन् । उनीहरुका पाँच वर्षीय भाइ र दुई वर्षीय बहिनी पनि छन् । दिदी स्कुल जाने दिन भाइले खोरिया फाँडेको ठाउँमा बाँदर रुग्ने वा घरमा भाइ बहिनी हेरचाह गर्ने, एउटा काम रोज्नुपर्छ । भाइ स्कुल जाने दिन दिदीको थाप्लोमा सो काम आइपर्छ । पाँच मिनेट दुरीमा रहेको विद्यालय यी दिदीभाइ आलोपालो गरेर पढ्दैछन् ।

सोही गाउँका छिरी वाङ्जे शेर्पाका १४ वर्षीय छोरा फुदोर्चीले पाँच कक्षा पास गरेर उत्तीर्णसँगै पढाई छोडे । उनी अहिले गोठमा बस्छन् । खर्कका गाई भैंसी लगेर चराउने र ल्याउने उनको काम हो । फुदोर्चीकी १६ वर्षीया दिदी फुर्वा याङ्जी चार कक्षामा पढ्ने विद्यार्थी हुन् । तर उनी पनि नियमित स्कुल जाँदिनन् ।

आङकामी र छिरीवाङ्जेका छोराछोरीले नोर्वु गाउँका अधिकांश मानिस र स्कुल पढ्ने उमेरका केटाकेटीको दिनचर्या बताउँछ । पाँच कक्षासम्म पढाईने सो स्कुलमा भर्ना हुने विद्यार्थीको संख्या ५१ जना छ । तर नियमित स्कुल जाने विद्यार्थीको संख्या मुश्किलले एक दर्जन पुग्छ । सो विद्यालयका प्रधानाध्यापक धर्म चापागाई भन्छन् "भर्ना हुँदा शुल्क तिर्नुपर्दैन । बाबुआमा आएर नाम लेखाईदिन्छन् । तर, पढ्न आउनेको संख्या सधैं न्यून हुन्छ ।"

नोर्वुगाउँमा जम्मा ४८ घर परिवारको बसोबास छ । ती मध्ये नियमित आम्दानी गर्ने १० घर पनि छैनन् । ती घरका ५० भन्दा बढी स्कुल जाने उमेरका केटाकेटीलाई स्कुल नै भर्ना गरिएको छैन । स्कुल जाने उमेरका केटाकेटीलाई स्कुल पठाउनु पर्छ भन्ने सन्देश दिन खोज्ने शिक्षकलाई यस गाउँका अभिभावक उल्टै आफ्नो घरमा रहेका स साना नानी हेर्न आउ भन्दै ज्याउँछन् । "हामीलाई त यहाँ अभिभावक तेरो काम छैन जस्तो छ, आईज न हाम्रो नानी हेरिदे भन्छन् ।" सो विद्यालयका शिक्षक भवानी गौतमको भनाइमा यहाँका अभिभावकले आफ्ना छोराछोरी स्कुल नपठाउनुको कारण अशिक्षा र गरीवी नै हो ।

हिजोआज माओवादीले सबै बालबालिका विद्यालय पठाउन अभिभावक सामु उर्दी जारी गरेका छन् । पाँच वर्ष उमेर पुगेपछि पनि छोराछोरीलाई स्कुल नपठाएमा आफूहरुले लिएर हिंड्ने धम्की तिनले दिन थालेपछि विद्यालय पठाउने अग्रसरता सुरु भएको छ । जनवादी शिक्षाको वकालत गर्ने माओवादीले संखुवासभाको विकट गाउँमा भने शिक्षालाई छुट्टै किसिमले हेरेका रहेछन् । सो गाउँका जनसरकार प्रमुख' हर्क गुरुङ्गले सबै शिक्षित होउन् भनेर अपहरणको धम्की दिएको बताए ।

हेमान्द्री निम्न माध्यमिक विद्यालयका प्रधानाध्यापक नेत्र खनालको अनुभवमा माओवादीको उर्दीपछि नियमित स्कुल नआउने ३० जना विद्यार्थी नियमित स्कुल आउन थालेका छन् । उनी भन्छन् "स्कुल भर्ना हुनेको संख्या बढेको छ । नियमित स्कुल नआउनेहरु नियमित आउन थालेका छन् ।"

मकालु गाविसका निवर्तमान उपाध्यक्ष तथा शिक्षक अभिभावक संघका अध्यक्ष नरबहादुर गुरुङ स्कुल पठाउने उमेरका केटाकेटीलाई स्कुल पठाउन ल्याएको माओवादीको नयाँ कार्यक्रमलाई सबै अभिभावकले सकारात्मक रुपमा हेरेको बताउँदै भन्छन्, "माओवादीको यो कार्यक्रमलाई सबैले मान्नुपर्छ । किनकी यो सबैको लागि हितकर कुरा हो ।"

अनियमित रुपमा बालबालिका स्कुल पठाउने अभिभावकको लागि पनि माओवादीले जसरी बाध्यात्मक व्यवस्था ल्याए, त्यसरी नै स्कुल नै नगई जागिर खाने शिक्षकको लागि तिनकै छुट्टै उर्दी जारी छ । वर्षमा ७५ प्रतिशत हाजिर नभएमा परीक्षा दिन नपाउने व्यवस्था विद्यार्थीको लागि गरिएको छ भने माध्यमिक तहका विद्यार्थीलाई पढाउने शिक्षकलाई दैनिक नौ घण्टा काम गर्नुपर्ने व्यवस्था गरिएको छ ।

०६४ सालसम्म शतप्रतिशत विद्यार्थीलाई एसएलसीमा उत्तीर्ण गराउने नीति अनुरुप यस्तो नियम लागू गर्न लागिएको स्थानीय विद्रोहीहरु बताउँछन् । अंग्रेजी, गणित र विज्ञान पढाउने शिक्षकले दैनिक आठ घण्टा स्कुलमा र एक घण्टा बिहान बेलुका निःशुल्क विद्यार्थीलाई कोचिङ पढाउनुपर्ने, वार्षिक १४ दिनको तलब चन्दा दिनुपर्ने,

सातामा एक दिन माओवादीसम्बन्धी विषय पढाउनुपर्ने, राष्ट्रिय गानको ठाउँमा आफ्नै गाउँ ठाउँको परिवेशमा तयार गरिएका गीत गाउनुपर्ने फरमान माओवादीले जारी गरेका छन् ।

विद्यालय समयमा शिक्षक नसोधीकन बाहिर गएमा उनीहरुको हाजिर कापीमा माओवादीले आएर रातो मसी लगाईदिन्छन् । माओवादीका स्थानीय नेतासमेत रहेका गुरुङका अनुसार गयल भएको दिनको पैसा स्कुलको कोषमा जम्मा गर्ने वा माओवादीलाई बुझाउनुपर्ने हुन्छ । यति मात्र होइन "बिदामा बसेको दिनको पैसा माओवादीलाई बुझाउनुपर्छ । उनीहरुको पार्टीको कार्यक्रममा सबै विद्यार्थी र शिक्षकलाई सहभागी गराउँछन्," प्रअ खनाल भन्छन् । माओवादीका कारण अरु थुप्रै ठाउँका विद्यालयमा विद्यार्थी पढ्न नपाए पनि मकालुका विद्यालय भने माओवादी कै कारण चलेका छन् ।

*शिक्षा लेख सँगालो/शिक्षा पत्रकार समूह*

)()(

## शिक्षक थोरै, विद्यार्थी धेरै

**● शरद अधिकारी**

बालमितेरी माध्यमिक विद्यालय भोजपुर दाङका प्रधानाध्यापक भिमकान्त दाहाललाई थोरै कक्षा कोठामा धेरै विद्यार्थी कसरी पढाउने भन्ने चिन्ता परेको छ । सम्भवतः दाङ जिल्लामै ज्यादा विद्यार्थीको चाप भएको सो विद्यालयमा एकदेखि १० कक्षासम्म गरी २५ सय विद्यार्थी रहेका छन् । सीमित शिक्षक, थोरै कोठाहरु, डेस्क बेन्चको उस्तै अभाव तर पनि विद्यलायमा भर्ना हुन आउने जति सबैलाई पढाउनैपर्ने बाध्यताले यहाँ अन्यौलता थपिएको छ ।

"नजिकमा विद्यालय छैनन् जसका कारण विद्यार्थीको चाप हाम्रो विद्यालयमा परेको छ तर विद्यार्थीलाई धान्ने सामर्थ्य हामीमा छैन," प्रधानाध्यापक दाहाल भन्छन्, "शिक्षक थप्न विद्यालयसँग पैसा छैन, जिल्ला शिक्षा कार्यालयमा जाँदा पनि दरबन्दी नभएको जवाफ पाइन्छ ।"

गोल्टाकुरी गाउँ विकास समितिमा रहेको प्राथमिक विद्यालय कलमघारीको कक्षा १ मा मात्रै एक सय ८३ जना विद्यार्थीहरु रहेका छन् । कक्षा कोठामा रहेका स साना १२ वटा बेन्चमा ७/७ जनाको दरले कोचिएर बस्दा पनि नअटेपछि झ्याल र भुईंमा अरु थुप्रै विद्यार्थी बस्छन् ।

विद्यार्थीको बढ्दो चाप अनुसार विद्यालयमा भौतिक सुविधा र शिक्षक दरबन्दी थप नभएको गुनासो दाङका यी दुई र अरु धेरै सामुदायिक विद्यालयको छ । जसका कारण विद्यार्थीको बढ्दो चाप धान्न शिक्षक र विद्यालय व्यवस्थापन समितिलाई पढाई सञ्चालन गर्न गाह्रो परिरहेको छ ।

पश्चिम दाङको पुरन्धारा गाउँ विकास समितिमा रहेको हंसपुर माविका शिक्षक प्रेमबहादुर वलीका अनुसार, सो विद्यालयमा विद्यार्थीको अनुपातमा शिक्षकको संख्या न्यून रहेको छ । कक्षा ६ मा मात्रै तीन सयको हाराहारीमा विद्यार्थीहरु रहेका छन् । शिक्षकको दरबन्दी र भौतिक सुविधाको अभावमा त्यहाँ पनि अध्यापन प्रक्रिया बडो कठिनसाथ अघि बढ्छ ।

विद्यार्थी र शिक्षकको अनुपात, भौतिक सुविधा र विद्यार्थीको अनुपात श्री ५ को सरकार आफैंले तयार पारेको नीतिमा मेल खाँदैन । गोल्टाकुरी गाविसमा अवस्थित कलमघारीको कक्षा १ मा दैनिक एक सय ८३ विद्यार्थीलाई अध्यापन गर्ने शिक्षिका खीमा केसी पहिलो घण्टी हाजिर गर्दा नै बित्ने बताउँछिन् । "विद्यार्थीको संख्या ज्यादा भएकाले कक्षा कोठामा बस्ने ठाउँ नै हुँदैन । कोलाहलका बीचमा विद्यार्थीहरुले कसरी बुझ्दछन् ?" शिक्षिका केसी प्रश्न गर्छिन् ।

गोल्टाकुरीको कलमघारी, दुरुबाको भोजपुर, पुरन्धाराको हंसपुर मात्र होइन दाङ जिल्लाका थुप्रै मावि, निमावि र प्रावि विद्यालयमा विद्यार्थीको चाप बढिरहेको छ । जिल्ला शिक्षा कार्यालय दाङको तथ्यांक अनुसार पनि दाङका सबैजसो विद्यालयमा दरबन्दीको अभाव रहेको छ । २०५३ सालपछि दाङमा एकजना पनि शिक्षक थपिएको छैन । जिल्लाका विभिन्न गाउँ विकास समितिहरु, सामुदायिक वनहरु लगायतले केही विद्यालयमा अस्थायी शिक्षकका लागि सहयोग प्रदान गरेका छन् ।

जिल्ला शिक्षा कार्यालय दाङले दिएको जानकारी अनुसार, दाङमा एक शिक्षकको भागमा ६५ विद्यार्थी पर्छन्। त्यस्तै सालाखाला एक कोठामा ५६ विद्यार्थी पढ्छन्। दाङ जिल्लामा रहेको कूल चार सय २७ विद्यालयहरुमध्ये तीनसय ४१ वटा मात्र पक्की भवन रहेका छन्। जसमा १ हजार तीनसय ३५ भवनमा पाँच सय ४० कोठाहरु रहेका छन्। कच्ची भवनको संख्या एक सय २९ र चार सय १५ कोठा छन्। जिल्लाभरमा एक लाख १५ हजार बढी विद्यार्थीले अध्ययन गरिरहेका छन्। शिक्षा कार्यालयले गरेको सर्वेक्षणमा पनि कम्तिमा पाँच सय ४० जना थप शिक्षकको आवश्यकता परेको देखिन्छ।

विद्यार्थीको बढ्दो चापको कारण छिमेकी जिल्लाबाट विस्थापित भएर आउनेहरुका कारण पनि बढेको जिल्ला शिक्षा कार्यालय दाङका जिल्ला शिक्षा अधिकारी चेतनारायण पाण्डे बताउँछन्। विद्यार्थीको चाप प्रत्येक वर्ष बढ्दै गएको भए पनि सो अनुपातमा शिक्षक दरबन्दी तथा भौतिक सुविधा थप गर्न नसकिएको पनि पाण्डेको भनाई छ।

जिल्ला शिक्षा कार्यालय दाङका प्राथमिक शिक्षा परियोजना अधिकृत जागेश्वर घिमिरे सबैका लागि शिक्षा कार्यालय अन्तर्गत यस वर्ष देशव्यापी रुपमा आएको भर्ना सप्ताहमा दाङका विद्यालयमा ज्यादा विद्यार्थी भर्ना भएको बताउँछन्। "भर्ना सप्ताहका कारण सबैजसो प्राथमिक विद्यालयमा विद्यार्थीको संख्या बढेको भए पनि शिक्षक र भौतिक सुविधा दिन सकिएको छैन," घिमिरेको कथन छ।

*शिक्षा लेख सँगालो/शिक्षा पत्रकार समूह*

)()(

# सरकारी विद्यालयप्रति बढ्दो विकर्षण

**● कृष्ण भट्टराई**

झापा तोपगाछी घर भई इटहरीको फुटपाथमा फलफूल पसल थापेकी रीता खड्काले मुश्किलले महिनाभरीमा तीन हजार रुपैयाँ कमाउँछिन्। त्यसबाट मासिक एक हजार त घर भाडा नै तिर्नुपर्छ। घरभाडा तिरेर बचेको पैसामा पहिला दुई छोराछोरीको मासिक पढाई शुल्क र स्टेशनरी खर्चका लागि उनी एकहजार रुपैयाँ छुट्याउँछिन्। अनि मात्र परिवारको अरु आवश्यकता टार्नेतर्फ यस परिवारको सोचाई हुन्छ।

एक हजार रुपैयाँले ४ जना परिवारलाई महिनाभरीका लागि दाल, चामल, नून, तेल, तरकारीलगायतका दैनिक उपभोग्य वस्तुको लागि खर्च पुऱ्याउन धौ धौ पर्ने बताउँदै रीता भन्छिन्, "के गर्ने खाई नखाई भएपनि छोराछोरी पढाउनैपऱ्यो।" त्यसो त रीताले आफ्ना सन्तानलाई सरकारी विद्यालयमा पढाउन नसोचेकी होइनन्। तर, उनलाई सरकारी विद्यालयको पढाईप्रति विश्वास छैन। उनी भन्छिन्, "अहिलेको समयमा सरकारी विद्यालयमा पढाएका छोराछोरी भोलि हामी जत्तिका पनि हुँदैनन्।"

आफू र आफ्ना श्रीमान्ले समयमा पढ्न नपाउँदा फुटपाथ रुङ्न बाध्य भएको बताउने ती महिला भन्छिन्, "छोराछोरीलाई सम्पत्ति हैन शिक्षा दिनु जरुरी भएकाले एक छाक मात्र खाएर भए पनि छोराछोरीलाई बोर्डिङ पढाउँदैछौं।"

त्यस्तै फुटपाथमा पसल चलाउने वीरबहादुर शंकर र मिश्रा शंकरलाई पनि कम पूँजीको व्यवसायका कारण छोराछोरी पढाउन हम्मे परेको छ। वीरबहादुर भन्छन्, "नर्सरीमा पढाउँदा २ सय रुपैयाँले दुवै बच्चाको पढाई खर्च पुग्थ्यो। तर, अहिले मासिक शुल्क मात्र ८ सय तिर्नुपर्दछ।" शंकर दम्पत्तिका दुई सन्तान छन्।

"हामीले कमाउने भनेको यिनै छोराछोरीका लागि हो। पैसा जम्मा गरेर राखिदियौं र शिक्षा दिएनौं भने अहिले हामीले जम्मा गरेको रकमले उनीहरुको पालामा केही हुँदैन। उचित शिक्षा पाएर समयसँगै चल्नसक्ने भए भने धन कमाउन बेर लाग्दैन। त्यसै आशले खाई नखाई भए पनि छोराछोरीलाई बोर्डिङ पढाउँदैछौं," वीरबहादुर थप्छन्।

रीता खड्का र मिश्रा शंकर मात्र हैन इटहरीको फुटपाथमा २/३ सय रुपैयाँ पूँजी परिचालन गरेर पेटी व्यवसाय गर्दै जिविका चलाइरहेकामध्ये झण्डै ७० प्रतिशतले आफ्ना छोराछोरी बोर्डिङ स्कुलमा पढाउने गरेको भेटिएको छ। सरकारी विद्यालयमा निःशुल्क पढ्न पाउने सुविधा हुँदाहुँदै किन महङ्गो शुल्क तिरेर बोर्डिङ्गमा आफ्ना

छोराछोरी पढाएको ? भन्ने जिज्ञासामा उनीहरुको एउटै तर्क छ, "सरकारी विद्यालयमा नाम मात्रको पढाइ हुन्छ । जीवनपयोगी शिक्षा दिनुपर्‍यो नि आफ्ना सन्तानलाई ।"

प्रधानाध्यापक सुवर्णबहादुर थापा सरकारी विद्यालयप्रति विकर्षण बढ्नुमा स्वयं सरकारकै नीति जिम्मेवार रहेको बताउँछन् । उनी भन्छन्, "विद्यालयको भौतिक सुधार, दक्ष जनशक्ति निर्माणमा सरकारले कुनै पहल गरेको छैन । विशेष गरी शिक्षासम्बन्धी राम्रो दृष्टिकोण र केही गरौं भन्ने भावनाका मानिसहरु शिक्षासम्बन्धी नीति निर्माणमा नपुग्नु पनि यसको मूल कारण हो ।"

नेपाली विषयमा पी.एच.डी. गरिरहनु भएका सह प्राध्यापक बद्रीविशाल पोखेल पनि भौतिक पूर्वाधार र शिक्षकहरुलाई समय सापेक्ष तालिम र सीपको अभाव नै सामुदायिक विद्यालयप्रतिको अविश्वास कारण भएको ठान्छन् । सामुदायिक विद्यालयका शिक्षकहरुले समेत आफ्नो छोराछोरीलाई बोर्डिङ्ग पढाउने लहरले ती विद्यालयप्रति सर्वसाधारणको विश्वास ह्वात्तै घटेको शिक्षासँग सम्बद्ध व्यक्तिहरु बताउँछन् ।

सरकारी विद्यालयलाई विश्वासिलो बनाउन के गर्नुपर्छ त ? शिक्षा क्षेत्रमा लामो अनुभव हासिल गरेका सुवर्णबहादुर थापा भछन्, "सरकारी विद्यालयमा भौतिक सुधारको अति जरुरी छ । एउटै कोठामा १ सय २० जनासम्म विद्यार्थी कोचेर राख्नुपर्ने अवस्था र एकै शिक्षकले धेरैवटा कक्षा र धेरै विषय पढाउनुपर्ने बाध्यता हटाउन पर्याप्त भौतिक पूर्वाधार र दरबन्दीको व्यवस्था गरिनुपर्ने जरुरी छ । शिक्षकहरुलाई समय सापेक्ष सीप र तालिम दिनुपर्छ र पाठ्यक्रम पनि समय सापेक्ष परिमार्जनको आवश्यकता भएको पनि उनको ठम्याई छ ।

निजी बोर्डिङ्गसँग प्रतिस्पर्धा गर्न सरकारी विद्यालयहरुलाई निकै कठिन रहेको कुरा सुनसरी जिल्लाका जिल्ला शिक्षा अधिकारी रामप्रसाद श्रेष्ठ पनि स्वीकार गर्छन् । यसका लागि त्यस्तै प्रकारको राष्ट्रिय नीति बनेर कार्यान्वयन हुन जरुरी रहेको साथै विद्यालयको भौतिक सुधार र पर्याप्त दरबन्दीको व्यवस्था नभई असम्भव रहेको बताउँदै जिशिअ श्रेष्ठ भन्छन्, "हामी सरकारी विद्यालयमा कसरी सुधार ल्याउने भनी विद्यालयबाटै सुझाव माग्न थालिएको । चाँडै नै सुनसरीका सरकारी विद्यालयमा सुधारको प्रक्रिया थालनी गरिनेछ ।"

*शिक्षा लेख सँगालो/शिक्षा पत्रकार समूह*

## धरापमा पर्दैछ बालमन्दिरको भविष्य

● **दुर्गालाल केसी**

कथा अनाथ र असहाय पढिरहेको एउटा बालमन्दिरको हो । दाङको त्रिभुवन नगरपालिकामा रहेको बालमन्दिरको जग्गा अर्कैको नाममा देखिएपछि त्यहाँ पढ्ने बालबालिका भविष्यमा कालो बादल मडारिरहेको छ । केही जग्गाधनीले बालमन्दिर रहेको जमिनको प्रमाणपूर्जा लिएर त्यसमाथि दावी गर्न थालेपछि सो बालमन्दिरको भविष्य अनिश्चित बन्न पुगेको हो ।

नेपाल बाल संगठन अन्तर्गत सञ्चालित सो बालमन्दिरले आफ्नो स्थापनाकालदेखि नै तीन दशकसम्म करिब १८ कठ्ठा जग्गा उपभोग गरिआएको छ । बालमन्दिरले उपभोग गर्दै आएको जग्गा हाल व्यक्ति विशेषले जग्गाधनी प्रमाण पूर्जाका साथ आफ्नो हो भनी दावी गर्न थालेपछि यस्तो समस्या पैदा भएको हो । जग्गाधनीहरुलाई मुअब्जा दिनसक्ने क्षमता बालमन्दिर जस्तो निम्न आयस्तरबाट सञ्चालित संस्थालाई असम्भव भएपछि समस्या अझै जटिल भएको छ । वि.सं. २०३० सालमा तत्कालीन अञ्चलाधीश चन्द्रमान थकालीले व्यक्तिहरुका निजी जग्गा अधिग्रहण गरी नगरविकासलाई सुम्पेका थिए । नगरविकासले जग्गाधनीहरुलाई १२ हजार ५ सय प्रति विगाहाका दरले मुअब्जा दिने सामान्य आश्वासनमा जग्गा अधिग्रहण गरेको थियो ।

त्यसपछि नगरविकासले सो क्षेत्रको सम्पूर्ण जग्गा बालमन्दिरलाई उपभोग गर्न दिएको थियो । नगरविकासले बालमन्दिरको उत्थानका लागि निःशुल्क जग्गा प्रदान गरेको थियो । तर, जग्गाको मुअब्जा नतिरेको कारण कानुनी रुपमा भने कुनै कागजपत्र नगरिएको नगरविकास समितिका कार्यालय सचिव कुलराज रावल बताउँछन् । नगरविकासले मुअब्जा तिर्ने क्रममा तीन कित्ताकोक मात्र तिर्न सफल भएको रावत बताउँछन् । रावतका अनुसार हाल घोराही वडा नं. १ (क) का ३१७९, ३५१ र ३४३ कित्ता नं. का क्रमशः ५ कठ्ठा सवा १९ धुर, ५ कठ्ठा र ८ कठ्ठा क्षेत्रफलका जग्गाहरु मात्र नगरविकासको नाममा रहेका छन् । अन्य ६ कित्ताहरुको

भने नगरविकासले मुअब्जा तिर्न सकेको छैन । जुन जग्गा बालमन्दिरले उपभोग गरिरहेको छ । नगरविकासको नाममा तीन कित्ता जग्गा भएता पनि बालमन्दिरको नाममा भने एक कित्ता पनि दर्ता गरिएको छैन ।

मुअब्जा तिर्न नसकेपछि रोक्का राखेका निजी जग्गाहरु २०५८ सालमा फुकुवा गरिएको तत्कालीन नगरविकास समितिका अध्यक्ष यज्ञबहादुर बुढाथोकी बताउँछन् । तत्पश्चात् नं. जग्गाधनीहरुले दावी गर्न थालेका हुन् । कित्ता नं. ३५२ का जग्गाधनी मुरारीप्रसाद बानियाँ भन्छन्, "नगरविकास र बालमन्दिरले एकापसमा अर्काले तिर्नुपर्ने भन्दै जिम्मेवारीबाट पन्छिने गरेका छन् । जग्गाको राजश्व हालसम्म हामीले नै तिर्दै आएका छौं तर जग्गा भने बालमन्दिरले उपभोग गरेको छ ।" अर्का जग्गाधनी वसन्तलाल गुप्ता पनि मुअब्जा माग्दैमा तीन दशक बिताएको दुःखेसो पोख्दै भन्छन्, "अब पनि मुअब्जा नदिए कि त मुद्दा लड्छु कि बालमन्दिरको पर्खाल बनाएर घर बनाउँछु ।"

जग्गाधनीहरु मुरारीप्रसाद बानियाँ र मुक्तिप्रसाद श्रेष्ठको त बैंकबाट ऋण लिएर जग्गा रोक्का समेत रहेका छन् । यसले गर्दा बालमन्दिरको भविष्य झन् खतरामा पर्दै गएको छ । बालमन्दिर व्यवस्थापन समितिका अध्यक्ष एवं बाल संगठन दाङका अध्यक्ष निर्मल देवकोटा बालमन्दिर मुअब्जा दिनसक्ने अवस्थामा नभएको बताउँछन् । बालमन्दिरलाई खतरामा पार्न नगरविकास, जिल्ला प्रशासन र जग्गाधनीहरुले मिलेमतो रहेको उनको आरोप छ । उनी थप्छन्, "तत्कालीन बाल संगठनका अध्यक्ष सीडीओ हुने भएकाले बालमन्दिरको नाममा जग्गा बनाउन सीडीओबाट पहल हुनुपर्थ्यो, त्यो भएन । उल्टै सामान्य सहमतिका कागजपत्र पनि हराए भनेर गैरजिम्मेवारी जवाफ दिन्छन् ।"

तत्कालीन नगरविकास समितिका सचिव एवं दाङका वृद्ध पत्रकार खगराज लोहनी बालमन्दिर छुट्टै संस्था भएकाले नियमानुसार बालमन्दिरले नै मुअब्जा तिर्नुपर्ने बताउँछन् । तर, हाल सो क्षेत्रको जग्गाको मूल्य प्रतिकठ्ठा ६/७ लाख रहेको छ । जग्गाधनीहरु अहिलेको मूल्य नपाए आफूलाई घाटा पर्ने आशंका छ । जग्गाधनी रामधिरज गुप्ताका छोरा वसन्तलाल गुप्ता भन्छन्, "यत्रो वर्षसम्म पनि हामीले उपभोग गर्न नपाउने, उल्टै राजश्व आफैं तिर्नुपर्ने, त्यसमा पनि पुरानै मूल्य पाउँदा हामीलाई घाटा पर्छ ।"

विद्यार्थीका अभिभावकहरु भने नगरविकासलाई दोष दिन्छन् । बालमन्दिरलाई जग्गा उपलब्ध गराई भवन निर्माण भएर तीन दशकसम्म शिक्षण कार्य भइसकेको अवस्थामा एकाएक हात छोडिदिनु नगरविकासको गैरजिम्मेवारी कार्य भएको अभिभावकहरुको ठहर छ । उता जग्गाधनीहरुले पटक पटक बालमन्दिर भत्काउने चेतावनी समेत दिने गरेका छन् ।

उता बालमन्दिरको भवन समेत मर्मत गर्नसक्ने क्षमता नभएका कारण जीर्ण बन्दै गएको छ । यस्तो दयनीय अवस्थामा भवन भत्काएर अन्यत्रै सार्नसक्ने अवस्था पनि नरहेको बालमन्दिरको गुनासो छ । त्रिभुवन नगरपालिकाका कार्यकारी अधिकृत कृष्णप्रसाद गौतम विभिन्न तहबाट जग्गाको मुअब्जा तिर्ने कार्य थाली बालमन्दिर जस्तो निम्न आयस्तरको शैक्षिक संस्थाको संरक्षण गर्नुपर्ने बताउँछन् । पूर्व नगरप्रमुख यज्ञबहादुर बुढाथोकीको पनि सरकारी, गैरसरकारी क्षेत्रबाट बालमन्दिरको जग्गाको मुअब्जा तिर्ने पहल हुनुपर्ने राय छ ।

तीन सय विद्यार्थीहरु अध्ययनरत सो विद्यालयमा ६ जना शिक्षक शिक्षिका रहेका छन् । गरिबीका बाबजुद पनि आफ्नो केही गाँस ठगेर सन्तानको भविष्यका लागि बालमन्दिरमा पढ्न पठाएका अभिभावकहरु बालमन्दिर अब कसरी र कहाँ सञ्चालन हुने हो भन्ने टुंगो छैन ।

*शिक्षा लेख सँगालो/शिक्षा पत्रकार समूह*

)()(